मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ११४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २९ गते शुक्रबार (Friday, 13 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## २५ लाख ठगेको अभियोगमा पक्राउ

**काठमाडौँ, फागुन २८।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी ग्रीस पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा एक जना पक्राउ परेका छन् ।

मोरङको पथरी शनिश्चरे नगरपालिका-३ स्थायी बासिन्दा २२ वर्षीय संयोग राईलाई ग्रीस पठाइदिन्छु भन्दै तीन जनाबाट रु. २५ लाख लिई सम्पर्कविहीन भएको उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट परिचालन भएको प्रहरीले उनलाई ललितपुर महानगरपालिका-१३बाट पक्राउ गरेको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।

## 'पूर्ण-टुङ्ग आदर्श नागरिक सम्मान' साहित्यकार दान खालिङलाई




**झापा, फागुन २८।** भारतको दार्जीलिङमा जन्मिएका प्रख्यात साहित्यकार तथा शिक्षासेवी दान खालिङलाई यस वर्षको पूर्ण-टुङ्ग आदर्श नागरिक सम्मान प्रदान गरिने भएको छ ।

जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान झापाले एक लाख ११ हजार एक सय ११ रुपैयाँ राशिको उक्त सम्मान साहित्यकार खालिङलाई मरणोपरान्त प्रदान गर्न लागेको हो । प्रतिष्ठानका सभापति गोपालकुमार बस्नेतका अनुसार नेपाली भाषा, साहित्य र शिक्षाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका खालिङलाई आगामी फागुन ३० गते बिर्तामोडस्थित ग्रीनफिल्ड वर्ल्ड स्कूलको सभाहलमा आयोजना हुने समारोहकाबीच उक्त सम्मान परिवारजनलाई प्रदान गरिनेछ । कार्यक्रममा शिक्षासेवी राजेश खड्का प्रमुख अतिथिका रूपमा सहभागी हुने कार्यक्रम रहेको छ ।

भारतको दार्जीलिङमा जन्मिएका खालिङले आफ्नो जीवनको अधिकांश समय नेपालमै बिताउँदै साहित्य, शिक्षा र सामाजिक चेतनाको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरेका थिए । उनी मूलतः साहित्यकार भए पनि अनुवाद, शिक्षा र सामाजिक आन्दोलनका क्षेत्रमा समेत योगदान दिएका व्यक्तित्वका रूपमा चिनिन्छन् ।


खालिङको वास्तविक नाम दानियल खालिङ हो । युवावस्थामा उनले नेपालको प्रजातान्त्रिक आन्दोलनका नेता वीपी कोइरालासँग दार्जीलिङमा भेट गरेपछि राजनीतिक तथा सामाजिक आन्दोलनबाट प्रभावित भएका थिए । त्यसपछि उनले २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी हुँदै बन्दुक बोकेर नेपाल प्रवेश गरेका थिए । इलामको पशुपतिनगर नाकाबाट नेपाल छिरेर उनले सशस्त्र आन्दोलनमा भाग लिएको इतिहास छ ।

२००७ सालको आन्दोलन सफल भएपछि भने उनले राजनीतिक सक्रियता छाडेर साहित्य र शिक्षाको क्षेत्रमा आफूलाई समर्पित गरेका थिए । साहित्यकार महानन्द

(बाँकी अन्तिम पृष्ठमा)

समानुपतिक मत परिणाम

# कोशीमा श्रम संस्कृति पार्टी दोस्रो शक्ति



**झापा, फागुन २८।** सुनसरी क्षेत्र नम्बर १ बाट राष्ट्रिय राजनीतिमा उदाएको श्रम संस्कृति पार्टी फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि कोशी प्रदेशमा दोस्रो ठूलो दलका रूपमा स्थापित भएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको समानुपातिकतर्फको अन्तिम मतपरिणाम अनुसार हर्कराज राई साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले पुराना दल नेपाली कांग्रेस, नेकपा एमालेदेखि नेकपासम्मलाई पछि पार्दै दोस्रो स्थान हासिल गरेको हो ।

प्रदेशमा प्रत्यक्षतर्फ तीन सिट जितेको श्रम संस्कृति पार्टीले समानुपातिकतर्फ २ लाख ९२ हजार ४९ मत प्राप्त गरेको छ । समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो दल बनेको छ । सो पार्टीले ८ लाख ५३ हजार १ सय ८३ मत प्राप्त गरेको छ । प्रत्यक्षतर्फ पनि रास्वपाले कोशी प्रदेशका १७ सिट जित्दै प्रदेशमा सबैभन्दा ठूलो शक्ति बनेको छ ।

त्यसैगरी, प्रत्यक्षतर्फ ४ सिट जितेको नेपाली कांग्रेस समानुपातिकतर्फ २ लाख ९० हजार ५ सय ६२ मतसहित तेस्रो स्थानमा रहेको छ । प्रत्यक्षतर्फ ४ सिट जितेको नेकपा एमाले भने २ लाख ८८ हजार १ सय ८६ मतसहित चौथो स्थानमा सीमित भएको छ । कोशी प्रदेशमा प्रत्यक्षतर्फ कुनै सिट जित्न नसकेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) समानुपातिकतर्फ ९७ हजार ६ सय ७९ मतसहित पाँचौं स्थानमा रहेको छ ।

त्यसैगरी, राजसंस्था र हिन्दू राज्यको एजेण्डा उठाउँदै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी समानुपातिकतर्फ छैटौं स्थानमा सीमित भएको छ । प्रत्यक्षतर्फ कुनै सिट नजितेको राप्रपाले समानुपातिकतर्फ ६२ हजार ८ सय ९९ मत प्राप्त गरेको आयोगले जनाएको छ ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल भने समानुपातिकतर्फ आठौं स्थानमा पुगेको छ । जसपा नेपालले प्रदेशमा १३ हजार ८ सय ४० मत प्राप्त गरेको छ । निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ कोशी प्रदेशमा त्रिमुल नेपालले सबैभन्दा कम १ सय ५ मत प्राप्त गरेको छ ।

**कोशी प्रदेशमा एक लाख ३१ हजार मत बदर**

कोशी प्रदेशमा यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक लाख ३० हजार ८४७ मत बदर भएको छ ।

प्रदेश निर्वाचन कार्यालय विराटनगरले दिएको जानकारी अनुसार उक्त निर्वाचनमा प्रदेशका १४ जिल्लाको २८ निर्वाचन क्षेत्रमा २० लाख ८४ हजार २१९ मत खसेकोमध्ये १९ लाख ५३ हजार ३७२ मत सदर भएको थियो । निर्वाचनमा ताप्लेजुङमा दुई हजार ६८६, पाँचथरमा तीन हजार ८९७, इलाम-१मा चार हजार ५६६, इलाम-२ तीन हजार ८९५, झापा-१मा चार हजार २६९, झापा-२मा चार हजार ४६९, झापा-३मा पाँच हजार ६२९, झापा-४मा चार हजार ७६८ र झापा-५मा चार हजार २१९ मत बदर भएको छ ।

यसैगरी, संखुवासभामा तीन हजार ७८०, तेह्रथुममा एक हजार ९०९, भोजपुरमा तीन हजार ८७१ र धनकुटामा चार हजार ८८३ मत बदर भएको छ । यसैगरी, मोरङ-१मा चार हजार ८३७, मोरङ-२मा छ हजार ५०, मोरङ-

(बाँकी अन्तिम पृष्ठमा)

## हत्या गरेको अभियोगमा पक्राउ

**सुनसरी, फागुन २८।** धरान उपमहानगरपालिका-५ देउराली बस्ने ७२ वर्षीय सुरेन श्रेष्ठको हत्या गरेको अभियोगमा सोही उपमहानगरपालिका-१५ बस्ने ३२ वर्षीय भरत बिकलाई प्रहरीले पक्राउ गरेको छ ।

धरान उपमहानगरपालिका-१५मा वादविवादको क्रममा भरतले कुटपिट गर्दा गम्भीर घाइते भएका

(बाँकी अन्तिम पृष्ठमा)

## कम्बोडिया पुगेका १६ नेपालीको उद्धार

**काठमाडौं, फागुन २८।** मानव तस्करको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका १६ नेपालीको उद्धार गरिएको छ ।

कम्बोडियामा अवैध रूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ्ग केन्द्रहरू, क्यासिनोहरूमा अनलाइन ठगी तथा अन्य विभिन्न गैरकानूनी काममा लगाइएका तथा बिना भिसा बसेका १६ जना नेपालीहरुको उद्धार गरिएको हो । बैंककस्थित नेपाली राजदूतावासको पहल र कम्बोडियाको सरकारको सहयोगमा उद्धार भई गैर आवासीय नेपाली संघ, कम्बोडियाको सहजीकरणमा उनीहरुलाई बिहीवार नेपाल फर्काइएको हो ।

यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीहरूलाई नेपाल फर्काउने पहल भइरहेको राजदूतावासले जनाएको छ । कम्बोडियामा नेपाली नागरिकहरु अनलाइन ठगी लगायत गैरकानूनी काममा लगाइएको र बिना भिषा वा भिषा अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको राजदूतावासले जनाएको छ ।

कम्बोडियामा उल्लेखित अवस्थामा बसिरहेका नेपाली नागरिकहरुलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैरआवासीय नेपाली संघ कम्बोडियाका

(बाँकी अन्तिम पृष्ठमा)

## करणी आरोपमा बालक नियन्त्रणमा

**झापा, फागुन २८।** झापाको महेशपुरमा ४ वर्षीया नाबालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा १३ वर्षीय एक बालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गतफागुन २४ गते दिउँसो करिब १२:३० बजे सांकेतिक वतन ०४-१-११-घ बस्ने ५० वर्षीया महिलाकी ४ वर्षीया नातिनीलाई सोही ठाउँ बस्ने सानो धिमालका करिब १३ वर्षीय छोराले आफ्नै घरको पछाडितर्फ लगेर जबरजस्ती करणी गरेको आरोप लागेको हो ।

घटनापछि बालिकालाई फागुन २७ गते बिहान १०:५० बजे उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर ल्याइएको थियो । अस्पतालमा उपचारका क्रममा बालिका सामान्य अवस्थामा बोल्न सक्ने रहेको र उनीसँग उनकी हजुरआमा रहेको प्रहरीले जनाएको छ । घटनाको सूचना

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा निर्वाचनको समीक्षा, महत्वपूर्ण भूमिका निर्वाह गर्नेलाई सम्मान

**प्रजिअ गेलालसहित सुरक्षा निकायका प्रमुखहरु र पत्रकार महासंघ झापालाई सम्मान**



**बिर्तामोड, फागुन २८।** प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै नेपाल पत्रकार महासंघ झापा शाखालाई सम्मान गरिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय झापाले बिहीबार भद्रपुरमा एक कार्यक्रमकाबीच कदर-पत्रसहित महासंघ झापालाई सम्मान गरेको हो । नेपाल पत्रकार महासंघ झापा शाखाका तर्फबाट अध्यक्ष एकराज गिरीले सम्मान ग्रहण गरेका थिए । मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइटेँल र झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले महासंघ झापालाई कदर-पत्र, खादा र पुष्पगुच्छासहित सम्मान गरेका थिए ।

झापाका सबै निर्वाचन क्षेत्रमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष वातावरणमा निर्वाचन सम्पन्न गराउन पत्रकार महासंघबाट महत्वपूर्ण भूमिका निर्वाह भएको भन्दै सम्मान गरिएको जिल्ला निर्वाचन अधिकारी तुलसीकुमार नेपालले बताए । पत्रकार महासंघ झापा शाखाले निर्वाचनको पूर्वतयारी र निर्वाचनका सन्दर्भमा निर्वाह गरेको समन्वयकारी भूमिका तथा झापाका सञ्चारकर्मी तथा सञ्चारमाध्यमले निर्वाह गरेको भूमिकाको कार्यक्रममा प्रशंसा गरिएको थियो ।

झापाली सञ्चार क्षेत्रको साझा छाता संस्थाको रुपमा महासंघलाई सम्मान गरिएको बताइएको छ । महासंघ झापाका अध्यक्ष गिरीले यो सम्मान महासंघको मात्र नभएर निर्वाचन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबै सञ्चारकर्मी र सञ्चारमाध्यमको साझा सम्मान भएको बताए । महासंघ अध्यक्ष गिरीले झापामा विभिन्न शंकाकाबीच निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रुपमा सम्पन्न गर्न भूमिका निर्वाह गर्ने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरु, प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकाय, कर्मचारी लगायत सबैको टिमवर्क र कामको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गरे ।

यसैबीच प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२को समीक्षासहित निर्वाचन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबै पक्षलाई बिहीबार भद्रपुरमा आयोजित एक कार्यक्रमका बीच धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भयो । मुख्य निर्वाचन अधिकृतको कार्यालयले एयरपोर्ट होटलमा आयोजना गरेको कार्यक्रम मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेलको अध्यक्षता र झापाका प्रमुख जिल्ला अधिकारी, शिवराम गेलालको प्रमुख आतिथ्यमा भएको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)


## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला ।

मो. ९८०७९२२३०१

## बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ताको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्य क्षेत्रभित्र पर्ने एशियन हाइवे पूर्वपश्चिम राजमार्गको निर्माण कार्य धमाधम भइरहेको र उक्त निर्माणाधीनको बाटोको दुबैतर्फ दायाँ-बायाँ खानेपानीको नयाँ पाइप लाइन विस्तार गरिने भएको हुँदा सडक क्षेत्रभित्र सडकले गर्ने निर्माण कार्य सम्पन्न भएका स्थानमा खानेपानी पाइप लाइन विस्तार भइ सकेपछि मात्र घरधनीहरुले आफूले गर्नुपर्ने निर्माण कार्य गर्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड (झापा)

## सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं

- गर्भावस्थामा कम्तीमा ८ पटक स्वास्थ्य जाँच गराऔं ।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
- गर्भवती महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दूध खुवाऔं ।
- छ महिनासम्म आमाको दूध मात्र खुवाऔं ।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
- राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# बैंकिङ कसुरमा फरार प्रतिवादी पक्राउ

**विराटनगर, फागुन २८।** बैंकिङ कसुर मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका एक व्यक्तिलाई मोरङ प्रहरीले पक्राउ गरेको छ।

मोरङ जिल्ला अदालतको फैसलाले ५ वर्ष कैद र ४४ लाख ६२ हजार ४ सय रुपैयाँ जरिवाना सजाय तोकिएका रतुवामाई नगरपालिका वडा नं. ५का ४० वर्षीय साजाह मियाँलाई प्रहरीले पक्राउ गरेको हो।

अदालतले कैद र जरिवानाको फैसला सुनाएदेखि नै मियाँ फरार थिए। उनलाई इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको विशेष प्रहरी टोलीले आफ्नै घरमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी लीलाराज लामिछानेले जानकारी दिए। पक्राउ परेका मियाँलाई फैसला कार्यान्वयनका लागि मोरङ जिल्ला अदालत बिराटनगरमा बुझाइएको छ।

# ओली हारेपछि इलाम छाडे नेम्वाङले

**पाँचथर, फागुन २८।** नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले निर्वाचन नहार्ने भन्दै बाजी राखेका एमाले कार्यकर्ता जगतबहादुर नेम्वाङले बाजी हारेपछि इलाम छाडेका छन्।

इलाम नगरपालिका-१०मा करिब १५ वर्षदेखि बसोबास गर्दै आएका नेम्वाङ पाँचथरको फाल्गुनन्द गाउँपालिका-४, चिलिङ्दिनका स्थायी बासिन्दा हुन्। उनी एमालेको इलाम नगर कमिटी सदस्य समेत हुन्।

सामाजिक सञ्जालमा रमेश बुढाथोकीसँग भएको बहसका क्रममा ओलीले झापा-५बाट निर्वाचन जित्ने दावी गर्दै उनले 'यदि ओली हार्नुभयो भने म इलाम छाड्छु'- भन्दै बाजी राखेका थिए। तर, निर्वाचन परिणाममा ओली पराजित भएपछि नेम्वाङ आफ्नो प्रतिबद्धता पूरा



गर्दै पुर्ख्यौली थलो फर्किएका हुन्।

पूर्वप्रधानमन्त्री ओलीका हारपछि अरूले राजनीतिमा बेइमानी गरे पनि आफूले भने वचन पूरा गरेको नेम्वाङले बताएका छन्। इमानको राजनीति गर्नुपर्छ भन्ने मेरो मान्यता हो। त्यसैले बाजी हारेपछि म गाउँ फर्किएको हुँ- उनले भने। नेम्वाङ गाउँ फर्किएपछि सामाजिक सञ्जाल र स्थानीय तहमा उनको 'वचनको राजनीति' को चर्चा शुरु भएको छ। नेपाली कांग्रेस पाँचथरका जिल्ला सचिव दीपक नेपालले नेम्वाङ पुर्ख्यौली थलो फर्किएको पुष्टि गर्दै पाँचथरमा स्वागत गरेको बताएका छन्।

त्यस्तै कोशी प्रदेशका प्रदेशसभा सदस्य राम रानाले पनि सामाजिक सञ्जालको बहसका क्रममा गरिएको प्रतिबद्धता नेम्वाङले पूरा गरेको टिप्पणी गरेका छन्। नेम्वाङको परिवार भने हाल इलाममै बसोबास गरिरहेको छ। उनका दुई छोरा र एक छोरी छन्। कान्छा छोरा भारतीय सेनामा कार्यरत छन् भने जेठो छोरा व्यापारमा संलग्न छन्।

पाँचथरमा पुर्ख्यौली जग्गाजमिन भएकाले अब उतै बस्ने तयारीमा रहेको उनले बताए। साथै, नेकपा (एमाले)को पार्टी सदस्यता पनि पाँचथरमै सार्ने निर्णय लिएको र यसबारे पाँचथरको पार्टी कमिटीसँग समन्वय भइरहेको उनले बताए।

## झापामा ...

त्यस अवसरमा झापामा स्वच्छ, मर्यादित, शान्तिपूर्ण र व्यवस्थित रुपमा निर्वाचन सम्पन्न गर्न निर्वाह गरेको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दै प्रमुख जिल्ला अधिकारी गेलाललाई सम्मान गरियो।

त्यस्तै नेपाली सेना अरिदमन गण चारआलीका प्रमुख सेनानी सरोज थापा, जिल्ला प्रहरी कार्यालय झापाकी प्रमुख बसुन्धरा खड्का, सशस्त्र प्रहरी बल नम्बर २ गण हेड क्वाटर झापाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक अम्बिकाप्रसाद जोशी, राष्ट्रिय अनुसन्धान कार्यालय झापा र नेपाल पत्रकार महासंघ झापालाई कदर-पत्रद्वारा सम्मान गरिएको हो।

मुख्य निर्वाचन अधिकृत लुइँटेल तथा अन्य चारवटै क्षेत्रका निर्वाचन अधिकृतहरु गोपी विश्वकर्मा, महेश खत्री, भीमप्रसाद भुर्तेल र विदुरकुमार कार्कीले सम्मानितहरुलाई संयुक्त रुपमा सम्मान-पत्र हस्तान्तरण गरे। मुख्य निर्वाचन अधिकृत लुइँटेलले झापामा शान्तिपूर्ण र सहज वातावरणमा विश्वसनीय ढंगले निर्वाचन सम्पनन गर्न भूमिका निर्वाह गर्ने सबै सरोकारवाला तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गरे। प्रजिअ गेलालले झापामा सम्भावित चुनौतिहरुलाई समयमै पहिचान गरी काम गर्दा सोचेभन्दा सहज ढंगले निर्वाचन भएकोमा खुशी व्यक्त गरे।

निर्वाचन आचासंहिता अनुगमन अधिकृतको जिम्मेवारीमा रहेका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले झापामा निर्वाचन आचारसंहिता कार्यान्वयनका क्रममा भोगेका अनुभवहरु सुनाए।

आचारसंहिता अनुगमन अधिकृत तथा झापाका अर्का सहायक प्रमुख जिल्ला अधिकारी अञ्जन न्यौपानेसहित निर्वाचन सम्पन्न गर्न विशेष भूमिका निर्वाह गर्ने कर्मचारीहरुको सहभागिता रहेको कार्यक्रम जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख जिल्ला निर्वाचन अधिकारी तुलसीकुमार नेपालले सञ्चालन गरेका थिए।

उत्कृष्ट टिमवर्क र कार्यकुशलताका कारण झापामा सुव्यवस्थितरुपमा निर्वाचन सम्पन्न भएको भनी सबैले प्रशंसा गरेका थिए। निर्वाचन होला कि नहोला भन्ने संशयकाबीचमा अनुकरणीय र प्रशंसनीय ढंगले झापामा निर्वाचन सम्पन्न भएको त्यसअवसरमा बताइयो। झापामा आचारसंहिताको समेत दलहरुबाट र अन्य सरोकारवालाबाट पालना भएको, निर्वाचन सम्पन्न गर्न राजनीतिक दलहरुको समेत महत्वपूर्ण भूमिका रहेको चर्चा गरियो। यसपटकको निर्वाचन मितव्ययी हुनुका साथै निर्वाचनका दिन हुने भोजभतेर र भेला समेत नभएको बताइयो।

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचनका क्रममा नागरिकले एकथोपा रगत पनि बगाउनु नपरोस् भनी सुरक्षा निकायलाई दिएको निर्देशन बमोजिम नै निर्वाचन सम्पन्न भएको समेत त्यस अवसरमा चर्चा गरियो। मतदान गर्ने मतदाताको उत्साह पनि निर्वाचनको सफलतामा महत्वपूर्ण पक्ष रहेको त्यस अवसरमा बताइयो।

कार्यक्रमका वक्ताहरुले झापामा निर्वाचन सफल बनाउन पत्रकार र सञ्चारमाध्यमले खेलेको भूमिकाको प्रशंसा गरे। सञ्चारकर्मीहरुलाई रिपोर्टिङका क्रममा कतिपय कुरा असहज भए पनि निर्वाचनको उत्सवमा भएका त्यस्ता कमजोरीलाई आगामी दिनमा सुधार गरेर अघि बढ्नुपर्ने समेत कार्यक्रममा सुझाइएको थियो।

## करणी ...

पाएपछि प्रहरी चौकी महेशपुरबाट प्रहरी नायव निरीक्षक डोमी साहको कमाण्डमा खटिएको टोलीले आरोपित बालकलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय झापा ल्याएको छ।

प्रहरीका अनुसार घटनाबारे फागुन २७ गते साँझ ६ बजे जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता भएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी गुरु तिम्सिनाले जानकारी दिए।

# 'राम नाम सत्य'मा विराजको हिंस्रक रूप

नयाँ वर्षको छेको पारेर चैत २७ गतेबाट प्रदर्शन हुन लागेको एक्सनप्रधान फिल्म 'राम नाम सत्य'को टिजर सार्वजनिक गरिएको छ।

अभिनेता विराज भट्टलाई केन्द्रमा राखिएको २ मिनेट लामो टिजर एक्सन दृश्यले भरिएको छ। विराज सयौं भिलेनसँग लडिरहेका देखिन्छन्। टिजरमा प्रोडक्सन भ्यालु उच्च देखिएको छ भने एक्सनलाई साउथ शैलीमा खिचिएको छ।

टिजरको शुरूवातमै विराजको संवाद छ, 'मृत्युलाई सारथी ठान्ने म, पहिलो पटक डराएँ। जब आँखै अगाडि आफ्ना मान्छेहरू गुमाएँ।' यो संवादमार्फत निर्देशकले फिल्मको कथावस्तु बुझाउन खोजेको देखिन्छ। आफ्नालाई गुमाएपछि नायक पात्रले लिने बदलामा फिल्म आधारित रहेको यसले स्पष्ट संकेत गर्छ। टिजरमा विराजलाई पश्चिमेली भाषा बोलेको पनि देख्न सकिन्छ।

कोरियोग्राफरको रूपमा परिचित माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराजसहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुष सिंह ठकुरी, स्व. सुनिल थापा, प्रशान्त ताम्राकार लगायतका कलाकारहरूको अभिनय रहेको छ। टिजरमा यी सबै कलाकारलाई देख्न सकिन्छ। तर, विराज र सुनिलबाहेक अरूको संवाद भने राखिएको छैन।

माइकल इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्मका लगानीकर्ता उपेन्द्र शाही र स्वेता विमली हुन्। कार्यकारी निर्मातामा किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार रहेका छन् भने क्रियटिभ निर्माता मोती कार्की हुन्।

# चुनावी समीक्षामा ढलेका थापाको निधन

**झापा, फागुन २८।** निर्वाचन समीक्षा बैठकमा बोल्नासाथ ढलेका एमाले कास्की इन्चार्ज कृष्ण थापाको निधन भएको छ।

एमाले पोखरा महानगर कमिटी अध्यक्ष जीवन आचार्यका अनुसार मणिपाल मेडिकल कलेजले उनको निधनको घोषणा गरेको हो। निर्वाचन समीक्षा कार्यक्रममा आफूले बोल्नासाथ कुर्सीमा बसेका थापा त्यहीँ ढलेका थिए। महानगर अध्यक्ष आचार्यका अनुसार थापालाई १० मिनेटभित्रै मणिपाल मेडिकल कलेजमा उपचारका लागि लगिएको थियो। त्यहाँ पुग्दासम्म श्वासप्रश्वास चलेजस्तो लागेको, तर केही समयमै चिकित्सकले मृत घोषणा गरेको बताइएको छ।

फागुन २१को चुनावका लागि एमालेले शुरूमा कास्की-२बाट थापालाई टिकट दिएको थियो। पछि रश्मि आचार्यलाई अघि सारियो। थापाकै प्रस्तावमा रश्मिलाई उम्मेदवार बनाउने निर्णय गरेको एमालेले बताएको थियो। रश्मि रास्वपाका उत्तम पौडेलसँग पराजित भए। उत्तमले ३१९११ भोट पाउँदा रश्मि ७४९३ मतमा रोकिए। २०५४को स्थानीय तह निर्वाचनमा पोखरा नगरपालिकाको मेयर निर्वाचित थापा संविधानसभा सदस्य थिए। उनी एमाले कास्कीको अध्यक्ष हुँदै तीन कार्यकाल केन्द्रीय सदस्य भएका हुन्।

# 'हिन्दू राष्ट्रको पक्षमा आए समर्थन गर्न तयार'

**झापा, फागुन २८।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई उल्लेख्य मत प्राप्त भए पनि संविधान संशोधनका लागि आवश्यक दुई तिहाइ बहुमत नपुगेको अवस्थामा राप्रपाले शर्तसहित समर्थन गर्न सक्ने संकेत दिएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापाले सामाजिक सञ्जाल फेसबुकमार्फत् धारणा सार्वजनिक गर्दै हिन्दू राष्ट्र स्थापनाको पक्षमा उभिएमा आफूहरू समर्थन गर्न तयार रहेको बताएका हुन्। उनले धार्मिक स्वतन्त्रता र समानतासहितको हिन्दू राष्ट्र बनाउने उद्देश्यले संविधान संशोधन गर्न राष्ट्रिय स्वतन्त्र पार्टी तयार भए राष्ट्रिय प्रजातन्त्र पार्टीले समर्थन गर्ने उल्लेख गरेका छन्।

थापाका अनुसार संसदमा दुई तिहाई बहुमत पुऱ्याउन रास्वपालाई दुई सिट अपुग रहेको छ। उनले सम्भावित रूपमा बन्ने बालेन शाह नेतृत्वको सरकारलाई राप्रपाका पाँच जना सांसदले पूर्ण सहयोग गर्ने समेत बताएका छन्।

## हत्या ...

सुरेनको विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले भरतलाई पक्राउ गरेको हो।

## कम्बोडिया ...

प्रतिनिधिहरु शिवराज पराजुली, लालसिहं खड्का, रामजी श्रीकुमार छेत्रीलाई सम्पर्क गर्न अनुरोध गरिएको छ।

स्क्यामिङ्ग केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले राख्ने गरेको वा स्क्यामिङ्ग केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरै जनाको समस्या सुनिएकोमा त्यस्तो अवस्थामा नेपाल फर्किनलाई उद्धार गर्न बिना शुल्क एकतर्फी यात्रा अनुमतिपत्र निजहरुले दिएको ठेगानामा पठाइदिने गरेको राजदूतावास बैंककले जनाएको छ।

नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्वोडिया, लाओस्, म्यानमार थाइल्याण्ड लगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले अनुरोध गरेको छ।

## पूर्ण-टुंग ...

सापकोटासँगको संगतले उनलाई लेखन र शिक्षण क्षेत्रमा सक्रिय बनाएको थियो। उनी विभिन्न स्थानमा विद्यालय स्थापना तथा सञ्चालनमा समेत संलग्न थिए। खालिङ नेपाली साहित्यमा अनुवादकका रूपमा पनि परिचित छन्। उनले नेपालीका प्रशिद्ध कविका कृतिहरू अंग्रेजीमा अनुवाद गरेर नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय पाठकमाझ पुऱ्याउन योगदान दिएका थिए।

जीवनको उत्तरार्धमा दार्जीलिङमै बसोबास गर्दै आएका खालिङको निधनपछि त्यहाँको सिंहमारी क्षेत्रमा अन्त्येष्टि गरिएको थियो। उनको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली दिन साहित्यिक तथा सामाजिक क्षेत्रका व्यक्तित्वहरू उपस्थित भएका थिए।

प्रतिष्ठानका अनुसार समाज रुपान्तरण, भाषा-साहित्यको संरक्षण तथा शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै यस वर्षको पूर्ण-टुङ्ग आदर्श नागरिक सम्मान-२०८२ खालिङलाई प्रदान गर्ने निर्णय गरिएको हो। प्रतिष्ठानले बिगत तीन दशकदेखि समाज परिवर्तन र सार्वजनिक जीवनमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई विभिन्न विधामा सम्मान गर्दै आएको छ।

प्रतिष्ठानले स्थापना गरेको पुरस्कार घोषणा समारोहमा संस्थाका सचिव लक्ष्मण ढकालले स्वागत गरेका थिए भने मरणोपरान्त सम्मान गर्न लागिएका व्यक्तित्वका विषयमा सचिव राजकुमार पोखरेलले परिचय दिएका थिए। कार्यक्रमको सञ्चालन प्रतिष्ठानकी सचिव स्वस्तिका आचार्यले गरेकी थिइन्।

## कोशीमा ...

३ मा छ हजार ८२७, मोरङ-४ मा पाँच हजार २५६, मोरङ-५मा सात हजार ८८९ र मोरङ-६मा पाँच हजार ६४४ मत बदर भएको कार्यालयले जनाएको छ।

यसैगरी, सुनसरी-१मा चार हजार ४८९, सुनसरी-२मा छ हजार २२९, सुनसरी-३मा पाँच हजार ६११, सुनसरी-४ मा छ हजार ६७४, सोलुखुम्बूमा एक हजार ९९०, खोटाङमा तीन हजार ९२८, ओखलढुङ्गामा तीन हजार ३५६, उदयपुर-१मा पाँच हजार ५४७ र उदयपुर-२मा तीन हजार ६७३ मत बदर भएको छ। सबैभन्दा बढी मत बदर मोरङको क्षेत्र नं. ५मा १० दशमलव ०६ र सबै कम झापा क्षेत्र नं. ५मा तीन दशमलव ९६ प्रतिशत रहेको छ।


## बुद्धशान्ति गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**बुधवारे, झापा**

### सँधियारका नाममा जारी भएको सूचना

यस गाउँपालिकाको स्थान बुद्धशान्ति वडा नं. १मा अवस्थित कित्ता नं. ४१९६ क्षेत्रफल ०-११-० मा भवन निर्माण गर्ने घरधनी श्री सम्झना न्यौपानेले यस गा.पा.मा निर्माण गर्ने भवनको नक्सा प्रमाणित गर्ने प्रयोजनको लागि निवेदन पेश गरेकोले संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ।

यस निवेदन साथ पेश हुन आएको नक्सा प्रमाणित गर्दा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानी-नोक्सानी हुन्छ, हुँदैन। सन्धी सर्पन हानी-नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित यस पालिकामा उजुर गर्न सूचित गरिन्छ। म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ।

**नक्सा प्रमाणितको लागि पेश भएको प्रस्तावित जग्गाको चार किल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाइ (फिट/मिटर) | छोडेको आफ्नो जग्गा (फिट/मिटर) | सँधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम/ठेगाना |
| पूर्व | | | | | टेकबहादुर कालीकोटे |
| पश्चिम | | | | | ८ फुटे कच्ची बाटो |
| उत्तर | | | | | रुपनारायण उप्रेती |
| दक्षिण | | | | | १६ फुटे कच्ची बाटो |

घर/कम्पाउण्ड वाल नाप : लम्बाई : ३८'३' चौडाई ३०' उचाई ३०' तल्ला संख्या ३

## शिवसताक्षी नगरपालिका
**१० नं. वडा कार्यालय**
**माईधार, झापा (कोशी प्रदेश, नेपाल)**

### चार किल्ला प्रमाणित सम्बन्धी सूचना

यो जोसंग सम्बन्धित छ,

शिवसताक्षी नगरपालिका वडा नं. १०मा बसोबास गर्ने ना.प्र.नं. ८५२४२०२८४का श्री मदनकुमार मैनालीले चार किल्ला प्रमाणित गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा निजको निवेदन र स्थलगत परीक्षण प्रतिवेदन/सर्जमिन मुचुल्का अनुसार शिवसताक्षी नगरपालिका वडा नं. १०मा श्री मदनकुमार मैनालीको नाममा त्यस कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको जग्गाको चार किल्ला तपसिल बमोजिम भएको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १२(२) ङ (२८) बमोजिम प्रमाणित गरिन्छ।

**चार किल्ला विवरण**

| क्र.सं. | वडा नं. | सिट नं. | कित्ता नं. | जग्गाको क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ७ च | २५७७० | ०-९-६.७५ | कि.नं. २४५७८ | भित्रि कालोपत्रे बाटो | कि.नं. ७००, १०२५१, ७२७७, ७५२७, ७५२६, २१११०, ८३३४, १८३३२, ५९१०, २१८४१, २३९८४ र २३९८५ | कि.नं. १०२४८, ६७८१, ६६०५, ६६०६, १९४२, १७०१०, २१६५४, १९०१५, २३४२५, २५७६९, २५७६८ र १६२३३ |

हर्कबहादुर सिगू: वडाध्यक्ष

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा




**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

**सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**

## सहारा नेपाल (SAHARA NEPAL)
**केन्द्रीय कार्यालयः झापा**

### शिलबन्दी कोटेशन आव्हानको सूचना

**प्रथमपटक सूचना प्रकाशित मितिः २०८२/११/२८**
**सूचना नं.: 04/SN/CHP/PB/2082/083**

सहारा नेपाल तथा ह्याबीट्याट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित सुरक्षित आवास प्रवर्द्धन कार्यक्रम अन्तर्गत Cement Bamboo Framing Technology (CBFT) प्रयोग गरी विराटनगरमा एक सार्वजनिक भवन निर्माण कार्य गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक तथा प्रचलित कानून अनुसार दर्ता भएका योग्य निर्माण व्यवसाय कम्पनी/फर्महरुबाट सिलबन्दी कोटेशन आव्हान गरिएको छ।

**बोलपत्रको विवरण**

| क्र.स. | निर्माण कार्यको संक्षिप्त विवरण | भवनको प्रकार | निर्माण स्थल | भवनको साईज | भवन संख्या |
|---|---|---|---|---|---|
| १ | निर्माण प्रविधि : Cement Bamboo Framing Technology (CBFT-Cement तथा Treated Bamboo) | सार्वजनिक भवन | विराटनगर, मोरङ | लम्बाई : ३३ फिट १ इञ्च<br>चौडाई : २० फिट ४ इञ्च<br>उचाई : १६ फि६ ६ इञ्च | १ |

- सिलबन्दी कोटेशन पेश गर्न चाहने इच्छुक योग्य फर्म तथा निर्माण व्यवसाय कम्पनीले मिति २०८२/१२/०७ गते कार्यालय समयभित्र शिलबन्दी कोटेशन पेश गरिसक्ने छ। सिलबन्दी कोटेशन साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता, पान नम्वर वा भ्याट नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्र आ व २०८१/०८२ को प्रतिलिपि र कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि साथै मौजदा प्राविधिक जनशक्तिको विवरण पेश गनुपर्ने छ।
- सिलबन्दी कोटेशन सम्बन्धि कागजात केन्द्रिय कार्यालय विर्तामोड-२, झापामा मात्र संकलन गरिने छ।
- सिलबन्दी कोटेशन स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहारा नेपालमा सुरक्षित रहने छ।
- विस्तृत प्राविधिक विवरण तथा भवनको डिजाईन कार्यालयबाट प्राप्त गर्न सकिने छ।

सम्पर्क : **सहारा नेपाल**
विर्तामोड-२, चारपाने, झापा
फोन नं : ०२३-५३११९८

## कर्मचारी आवश्यकता

यस अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्यालय बिर्तामोड-०५, झापाका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।

**पदः रिसेप्सन :** (Member Service)२ जना महिला (बिर्तामोड र खुदुनाबारी शाखा)
योग्यता : स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, वित्तीय क्षेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्षलाई पहिलो प्राथमिकता
तलब : १४५००+ अन्य सुबिधा
आवेदन शुल्क : २५०

**पदः कार्यालय सहायक**............ १ जना महिला/पुरुष (बिर्तामोड)
योग्यताः स्नातक तह उत्तीर्ण वा अध्ययनरत, मोटरसाइकल वा स्कूटर चलाउन सक्ने, वित्तीय क्षेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्षलाई पहिलो प्राथमिकता
तलब : १३,५००/ + अन्य सुविधा आवेदन शुल्क : २००

**पदः बजार प्रतिनिधि** ...........१ जना महिला/पुरुष (बिर्तामोड शाखा)
योग्यताः स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, मोटरसाइकल वा स्कुटर चलाउन सक्ने, वित्तीय क्षेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्षलाई पहिलो प्राथमिकता
तलब : १३,५००/- + अन्य सुविधा आवेदन शुल्क : २००।-
आवेदन दिने अन्तिम मिति : २०८२-१२-०६ गतेसम्म

*अन्य जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला।*
**सम्पर्क : ०२३-५३३७२०, ९८०२३१३३३७ ,९८०२३१३३३६**
Drop your CV: इमेलः apsavingco@gmail.com
फेसबुक पेज : Annapurna saving & credit co–operative ltd, Birtamode-5, jhapa
नोटः फारम पाउने स्थानः संस्थाको कार्यालय, बिर्तामोड-५, झापा/ शाखाः अर्जुनधारा-०३, खुदुनाबारी

## Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

## पूर्वाञ्चल
### सम्पादकीय

# आत्मसमीक्षा गरौं

**भर्खरै सम्पन्न निर्वाचनको परिणामले विघटित प्रतिनिधिसभाका प्रमुख दल र नेतृत्वका बारेमा तीव्र, बहस शुरु भएको छ । लामो समयदेखि सत्ता र शक्तिमा रहेको नेपाली कांग्रेस, नेकपा एमाले लगायतका दलभित्रको यो बहस निर्वाचन परिणामपछि आत्मसमीक्षा गर्ने स्वभाविक नै हो । प्रतिनिधिसभा निर्वाचनमा लाज लाग्ने गरी पराजीत हुनु परेको कारण ती दलभित्र आफूहरुले अख्तियार गरेको नीति र त्यसलाई व्यवस्थापन गर्ने नेतृत्वका विषयमा शुरु भएको बहस दलभित्रका कमी–कमजोरी हटाउन र दललाई नयाँ ढंगबाट रुपान्तरण गर्न जरुरी पनि हुन्छ ।**

**हिजोसम्म ठूलो दलका रुपमा रहेको नेपाली कांग्रेस चुनावकै मुखमा विशेष महाधिवेशनबाट पुनर्संगठित भएको थियो । नेतृत्व नै परिवर्तन गरेको कांग्रेसले नियमित महाधिवेशनको पनि व्यवस्थापन गर्नु नै छ । त्यसैगरी दोस्रो ठूलो दलका रुपमा रहेको एमालेले नियमित महाधिवेशनबाट निर्वाचन मार्फत नेतृत्व चयन गरेको थियो भने तत्कालीन माओवादी केन्द्र लगायतका दल आयोजक समिति बनाएर निर्वाचनमा गएकै हुन् । तर, यी तीनवटै दलले सम्पन्न निर्वाचनमा लज्जास्पद पराजय मात्र भोगेनन् दुई प्रमुख दलका नेतृत्व नै ठूलो मतान्तरले पराजीत हुन पुगे ।**

**आफूलाई पुराना, ठूला र शक्तिमान ठान्ने परम्परागत दलहरुको सत्ता केन्द्रित स्वार्थबाट आजित भएका नेपाली मतदाता खासगरी युवा शक्तिको विद्रोहका कारण विसर्जन हुनु परेको तीतो यथार्थ हो । बहुमत र दुईतिहाईको नजिक भएर पनि स्थिर सरकार सञ्चालन गर्न, सुशासन कायम गर्न र भ्रष्टाचारमुक्त देश निर्माण गर्न नसक्नु पराजयको कारण बन्यो । त्यही चरित्रका कारण युवा पुस्ताले गरेको विद्रोहले उनीहरु सत्ताबाट विस्थापित मात्र भएनन् जनताबाट दण्डित हुनु पर्‍यो । फरक राजनीतिक दर्शन, विचार र गन्तव्य भएर पनि मतदातालाई प्रत्येक निर्वाचनमा बन्धक बनाउन लगाइयो ।**

**त्यही विकृतिबाट आजित भएर नेपाली कांग्रेसभित्रको राजनीतिक चेत, दृष्टिकोण र चिन्तन भएकाहरुले विद्रोह मार्फत नेतृत्व परिवर्तन गरे । त्यहीकारण नेपाली कांग्रेसले पुरानाका बीचबाट थोरै भए पनि अस्तित्व रक्षा गरेका छन् । यस्तो बेला समय र परिस्थितिको माग र आवश्यकता अनुभूत गरेर नियमित महाधिवेशन मार्फत संगठनलाई पुनर्संगठित गर्नु कांग्रेसको हितमा हुनसक्छ । अन्यथा संस्थापन र इतर भनेर गरिने विभाजनले न कांग्रेसले प्रतिष्ठानको रक्षा गर्नसक्छ न त एमाले वा नेकपा अथवा अस्तित्व रक्षा गर्न नसकेका मधेशवादी दलहरु पुनर्जीवित हुन सक्छन् ।**

# निर्वाचन : सम्भावना र चुनौती



**नेत्रप्रसाद निरौला**




नेपालमा भर्खरै मात्र आम निर्वाचन समाप्त भएको छ र आसन्न निर्वाचनको परिणाम लगभग अगाडि आइसकेको छ। यस निर्वाचनले दिएको परिणाम हेर्दा धेरैले नसोचेको परिणाम झैं देखिएको छ। वास्तवमा भन्ने हो भने वेस्ट मिनिस्टरियल पार्लियामेन्टरी सिस्टममा एउटा दलको बहुमत, अझ दुईतिहाई बहुमत प्राप्त हुनु भनेको राजनीतिक वृत्तमा एउटा अनौठो घटना नै मान्नुपर्छ। राष्ट्रिय स्वतन्त्र पार्टीले लगभग दुईतिहाइ बहुमत प्राप्त गरेको छ।

विश्वमा यस प्रकारको संसदीय राजनीतिक प्रणाली भएको देशमा एउटा मात्र दलले दुईतिहाई बहुमत प्राप्त गर्नु भनेको एउटा विरलै हुने राजनीतिक घटनाक्रम हो। पुराना राजनीतिक दलहरूलाई पछि पार्दै पछिल्लो निर्वाचन अगाडि मात्र आएको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रचण्ड बहुमतका साथ चुनाव जित्नु एउटा संयोग मात्र होइन, यसका पछाडि थुप्रै कारणहरु रहेका देखिन्छ। सर्वप्रथम विश्वमा आएको परिवर्तन, विश्वमा देखापरेको सामाजिक, आर्थिक परिवर्तन, अहिलेको समाज भनेको प्रविधिको समाज हो, विशेष गरेर सूचना र सञ्चार प्रविधिले समाजलाई गहिरो प्रभाव पारिराखेको सन्दर्भमा यो सूचना तथा सञ्चार प्रविधिको बढी प्रयोग गर्ने अहिलेका पुस्ताहरूको अहिलेको समाजमा हावी भएको पाइन्छ र यसपटकको निर्वाचनमा यो पुस्ताको संलग्नता उच्च देखिएकोले निर्वाचन परिणाममा फेर बदल आउनु अस्वभाविक होइन जसलाई पुराना दलहरूले नजरअन्दाज गरे र आज यो परिणाम भोगिरहेका छन्।

देशमा विद्यमान भ्रष्टाचार, कुशासन तथा पुरानो राजनीतिक सोच र विचारबाट अघि बढिरहेका राजनीतिक दल तथा त्यससँग सम्बद्ध नेतृत्व पंक्तिहरू जसले समयको माग बुझ्न सकेनन् वा चाहेनन्, आफ्ना डम्फु बजाइरहे, आफ्नो स्वार्थ बाजिने भएकोले परिवर्तनका लागि तयार भएनन्, यो दोस्रो कारण हुन सक्छ। त्यसैगरी यसका पछाडि अरु थुप्रै कारणहरू होलान्, जे भए पनि आज एउटा दलले स्पष्ट बहुमत प्राप्त गरेको छ। यसलाई सरसर्ती हेर्दा अहिले देशमा धेरै अवसरहरू यस दलले पाएको छ, साथसाथै थुप्रै चुनौती हरू पनि अगाडि नभएका होइनन्।

एउटा राष्ट्रको समग्र विकासमा राजनीतिले अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्दछ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपले देशको आर्थिक, सामाजिक, पूर्वाधारको विकासका लागि राजनीतिले महत्त्वपूर्ण भूमिका खेल्दछ। हाम्रो देशमा पटकपटक भएको परिवर्तनले देशमा नागरिकहरूले आस गरे जस्तो परिवर्तन तथा विकासका गतिहरू अगाडि नबढ्नुको एउटा प्रमुख कारण राजनीतिक अस्थिरता नै हो। अब हामी कामना गरौं, देशमा राजनीतिक स्थिरता बन्छ र देशका हरेक क्षेत्रमा परिवर्तनहरु आउँछन्, सामाजिक, आर्थिक र पूर्वाधारको विकासको क्षेत्रमा उल्लेखनीय रुपले सकारात्मक परिवर्तन हुन्छ भन्ने कामना समग्र नागरिकहरुले गरेका छन्।

वास्तवमा हेर्ने हो भने राजनीतिमा शुद्धता आयो भने देशका समग्र क्षेत्रमा सकारात्मक परिवर्तन आउँछ भन्ने कुरा विश्वका धेरै अरु राष्ट्रहरुका अवस्थालाई हेर्दा पनि थाहा हुन्छ। दोस्रो विश्वयुद्धको समाप्तिसँगै विश्वका थुप्रै राष्ट्रहरू नेपालको जस्तै अवस्थामा थिए जुन राष्ट्रहरू आज आर्थिक रुपले समृद्धशाली भएका छन् र नागरिकहरु गुणस्तरीय जीवनयापन गर्दछन्। सन् १९६५ मा मलेसियाबाट स्वतन्त्र भएको सिङ्गापुर ,सानो देश, प्राकृतिक स्रोत र साधनको अभाव, वेरोजगारी, जातीय समस्याले गर्दा धेरै पछाडि परेको थियो भने आज संसारको सबैभन्दा आर्थिक समुन्नत देशको रुपमा देखापरेको छ। यसको पछाडि गहिरिएर हेर्ने हो भने राजनीतिक कारण नै देखापर्छ।

एउटा सच्चा नेतृत्वले आँट गरे के हुँदैन भन्ने उदाहरण पनि सिंगापुरले देखाउँछ। ली क्वान यु भन्ने व्यक्ति नेतृत्वमा आएपछि उनले सर्वप्रथम राजनीतिक रूपले शुद्ध र सफा सरकार बनाउने प्रण गर्दै कडा कानूनी राज्य र अनुशासनमा मुलुकलाई अघि बढाए, शिक्षा र मानव संसाधनको विकासमा जोड दिँदै निर्यातमुखी उद्योग को विस्तारमा लागे र भौगोलिक अवस्थाको भरपुर प्रयोग गर्दै आवास निर्माण तथा सामाजिक स्थिरता, व्यवहारिक र दीर्घकालीन योजना जस्ता क्षेत्रहरुमा दृढतापूर्वक अगाडि बढाए जसले गर्दा सिंगापुर आजको अवस्थामा आइपुग्न सकेको हो। त्यसैगरी आजभोलि नेपालीहरूको वैदेशिक रोजगारीको मुख्य छनौटको देश रहेको दक्षिण कोरिया पनि आजभन्दा ७०/८० वर्ष अगाडि निकै पछाडि परेको देश हो।

दोस्रो विश्वयुद्धको समाप्तिसँगै टुक्रिएको कोरिया, सन् १९५० देखि १९५३ सम्म भएको उत्तर कोरिया तथा दक्षिण कोरियाबीचको युद्धले जर्जर भएको दक्षिण कोरियाली देश निकै पछाडि परेको थियो। गरिबी, अभाव, भोकमारीले आक्रान्त दक्षिण कोरियाको नेतृत्वमा पार्क चुङ हि नेतृत्वमा आएपछि दक्षिण कोरियाले काँचुली फेर्‍यो। आज दक्षिण कोरियालाई एउटा समुन्नत देशका रूपमा लिइन्छ। हाम्रो नजिकको छिमेकी राष्ट्र भारत पनि सन् १९९० सम्म निकै पछाडि परेको राष्ट्रको रूपमा चिनिन्थ्यो।

भारत सन् १९९० भन्दा अगाडि बन्द आर्थिक नीतिमा रहेको थियो। अभाव, गरिबी, जातीय हिंसा जस्ता सामाजिक अवस्थाबाट गुज्रीराखेको भारत सन् १९९० मा पीवी नरसिंह राव प्रधानमन्त्री बनेपछि अर्थमन्त्री बने मनमोहन सिंह जसले राष्ट्रलाई खुला आर्थिक नीति अन्तर्गत अगाडि लैजाने प्रण गरे जसले गर्दा भारतको आर्थिक वृद्धि दर तीव्र बन्यो र आज भारत आर्थिक रुपले धेरै समृद्धशाली भएको हामीसामु छ।

त्यसैगरी हाम्रो अर्को उत्तरतिरको छिमेकी राष्ट्र चीनले देङ जेओ पेङको नेतृत्वमा सन् १९७८ मा आर्थिक सुधार शुरु गर्‍यो जसले राज्य नियन्त्रण अर्थव्यवस्थाबाट राष्ट्रलाई समाजवादी अर्थव्यवस्थातिर लग्यो साथै अन्य थुप्रै आर्थिक सुधारका कार्यक्रमहरू लागू भयो जसले गर्दा आज चीन विश्वकै एउटा आर्थिक रुपले समृद्ध देशको रुपमा अगाडि आएको छ। यहाँ मैले यी प्रसङ्गहरु ल्याएर चर्चा गर्न खोजेको मुख्य विषय के हो भने राजनीतिक रूपले स्थिर भएर एउटा नेतृत्वले इमान्दारपूर्वक काम गर्‍यो भने राष्ट्र र नागरिकको हितमा काम गर्‍यो भने देशमा परिवर्तन हुन समय लाग्दैन भन्ने उदाहरणहरू दिनलाई खोजेको हो। आज नेपालको पनि चुनौतीहरु थुप्रै हुँदाहुँदै पनि अवसरहरु पनि प्रशस्त छन्। आजको दिनमा राष्ट्रिय स्वतन्त्र पार्टीले राष्ट्रको लागि गर्नुपर्ने केही आधारभूत कुराहरु यहाँ छोटकरीमा उल्लेख गर्न चाहन्छु जसले गर्दा राष्ट्रको आर्थिक, सामाजिक र पूर्वाधार विकासले गति लिन सकोस्।

सर्वप्रथम अब आउने सरकारले पहिलो कदम चाल्नुपर्ने भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा हो भन्ने मेरो बुझाइ छ। भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा निर्मम प्रहार गर्नुपर्ने देखिन्छ। यसरी भ्रष्टाचार नियन्त्रणमा अगाडि बढ्न सक्यो सरकार भने स्वभाविक रुपले सुशासन कायम हुन तर्फ देश अगाडि बढ्छ। देशमा निर्यातमुखी उद्योगको स्थापना गर्नु आजको प्रमुख आवश्यकता हो। देशका धेरैजसो विकासका लागि साझेदार संस्थाहरु, शिक्षा, स्वास्थ्य लगायतका सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रका संघ-संस्थाहरूमा भइरहेको चरम राजनीतिकरणबाट यस्ता स्वतन्त्र संस्थाहरूलाई मुक्त पार्नु आजको अर्को आवश्यकता हो जसले गर्दा नागरिकहरूले स्वतन्त्रतापूर्वक सेवा प्राप्त गर्न सकुन्।

त्यसैगरी प्रजातान्त्रिक संघ-संस्थाहरूलाई पनि राजनीतिकरण गरेर यसबाट प्रवाह हुने सेवासुविधालाई अवरुद्ध बनाउने जुन प्रयासहरु गरियो, यसका लागि पनि यस्ता संस्थाहरुलाई राजनीतिकीरणबाट अलग्ग बनाउन पर्छ जसले गर्दा नागरिकहरुको प्रजातन्त्र प्रति विश्वास र आस्था बढोस् र यसबाट भरमग्दुर फाइदा नागरिकहरुले लिन सकुन्। त्यसैगरी कृषि, पर्यटन जस्ता क्षेत्रहरूलाई आधुनिककरण र व्यवसायिक बनाउन यस सरकारले तत्काल थाल्नु पर्छ। यसरी राष्ट्रमा आएको परिवर्तन सरकारको परिवर्तन भएको मात्र होइन, यो परिवर्तनले तल्लो तहसम्म पनि महशुस हुन सक्ने गरी काम गर्न सकोस् भन्ने हाम्रो सदैव हाम्रो चाहना छ, अन्यथा यसले धेरै ठूलो चुनौतीको सामना गर्नुपर्ने हुन सक्छ।

*(निरौला विपद् व्यवस्थापन, पर्यटन तथा समकालीन राजनीतिका विषयमा कलम चलाउँछन्।)*

# खाडीमा इरानी आक्रमण, तेल १०० डलर नाघ्यो




मध्यपूर्वमा जारी युद्धका बीच इरानले खाडी क्षेत्रका ऊर्जा पूर्वाधार र जहाजहरूलाई लक्षित गर्दै नयाँ ड्रोन तथा क्षेप्यास्त्र आक्रमण शुरु गरेपछि विश्व ऊर्जा बजारमा थप अस्थिरता देखिएको छ। बिहीबार बिहान मात्रै दुई तेल ट्याङ्करमा आक्रमण भएको केही घण्टामै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य पुनः उकालो लाग्दै प्रतिब्यारेल एक सय डलर नाघेको छ।

तेहरानले खाडी क्षेत्रका छिमेकी देशहरू तथा इजरायलतर्फ नयाँ आक्रमणको लहर चलाएपछि क्षेत्रीय तनाव झनै चर्किएको छ। इरानले यो युद्ध लामो समयसम्म चल्न सक्ने चेतावनी दिँदै त्यसले विश्व अर्थतन्त्रलाई 'ध्वस्त पार्न सक्ने' दाबी गरेको छ। त्यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान अन्ततः पराजयको दिशामा पुगेको दाबी गर्नुभएको छ। यद्यपि उहाँले युद्ध तत्काल समाप्त नहुने चेतावनी पनि दिनुभयो। अमेरिकाले इरानको पूर्वाधारमा आक्रमण गर्न सक्ने सङ्केत दिँदै त्यसको पुनर्निर्माण गर्न एक पुस्ता लाग्न सक्ने उहाँले बताउनुभयो।

अमेरिका र इजरायलले शुरु गरेको यो युद्ध विस्तार हुँदै जाँदा क्षेत्रका विभिन्न देशहरू प्रभावित भएका छन्। लेबनानमा इजरायली आक्रमण तीव्र बनेको छ। त्यहाँ अधिकारीहरूका अनुसार हालसम्म छ सय ३० भन्दा बढी मानिसको मृत्यु भएको छ भने आठ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन्। खाडी क्षेत्रमा पनि सुरक्षा अवस्था तनावपूर्ण बनेको छ। इरानी आक्रमणपछि बहराइनले बासिन्दाहरूलाई घरभित्रै बस्न र झ्याल बन्द राख्न आग्रह गरेको छ। साउदी अरेबियाले सायबाह तेल क्षेत्रतर्फ गइरहेका ड्रोनहरू रोकिएको जनाएको छ। ओमानको सलालाह बन्दरगाहस्थित इन्धन ट्याङ्कीमा ड्रोन प्रहार भएपछि त्यहाँका केही सञ्चालन अस्थायी रूपमा रोकिएका छन्।

होर्मुज जलडमरूमध्य आसपासका समुद्री मार्गहरू पनि प्रभावित भएका छन्। संयुक्त अरब इमिरेट्स नजिकै एउटा कन्टेनर जहाजलाई अज्ञात प्रक्षेप्यले प्रहार गर्दा सानो आगलागी भएको बेलायती समुद्री सुरक्षा एजेन्सीले जनाएको छ। सबै चालकदल सुरक्षित रहेका छन्।

यसअघि इराक नजिक दुई तेल ट्याङ्करमा आक्रमण हुँदा कम्तीमा एक चालक दल सदस्यको मृत्यु भएको र ३८ जनालाई उद्धार गरिएको अधिकारीहरूले बताएका छन्। केही सदस्य अझै बेपत्ता रहेको खोजी जारी छ। विश्वको करिब पाँचौं भाग तेल आपूर्ति हुने होर्मुज जलडमरूमध्य अहिले युद्धको तनावका कारण प्रभावकारी रूपमा अवरुद्ध हुने जोखिममा पुगेको विश्लेषकहरूले बताएका छन्। इरानले पनि खाडीबाट एक थोपा तेल निर्यात हुन नदिने चेतावनी दिएको छ।

पछिल्लो केही दिनमा मात्रै जहाजहरू संलग्न कम्तीमा चार घटना रिपोर्ट भएका छन्। एउटा थाई बल्क क्यारियरमा प्रहार हुँदा चालक दलका तीन सदस्य बेपत्ता भएको यातायात कम्पनी प्रिसियस सिपिङले जनाएको छ। खाडीका अन्य स्थानमा पनि ड्रोन र क्षेप्यास्त्रको खतरा बढेको छ। कुवेतमा आवासीय भवनमा लागेको ड्रोनका कारण दुई जना घाइते भएका छन् भने युएईले पनि क्षेप्यास्त्र खतराको जवाफ दिइरहेको जनाएको छ। यसैबीच इरानको रिभोलुसनरी गाड्र्सले अमेरिका र इजरायलसँग सम्बन्धित आर्थिक केन्द्र तथा बैंकहरूलाई समेत निशाना बनाउन सक्ने चेतावनी दिएको छ। त्यसपछि केही अन्तर्राष्ट्रिय कम्पनीहरूले दुबईबाट आफ्ना कर्मचारीहरू हटाउन थालेका छन्।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले बजार स्थिर पार्न सदस्य राष्ट्रहरूलाई रणनीतिक भण्डारबाट तेल निकाल्न अनुमति दिएको छ। यस अन्तर्गत ४० करोड ब्यारेल तेल बजारमा पठाउने सहमति भएको छ, जसमा १७ करोड २० लाख ब्यारेल अमेरिकाबाट आउनेछ। तर यो कदमले पनि लामो द्वन्द्वको डर कम गर्न सकेको छैन। विश्लेषकहरूले प्रतिब्यारेल ९० देखि एक सय डलरको मूल्य केही समयसम्म नयाँ सामान्य बन्न सक्ने बताएका छन्।

युद्धको मानवीय असर पनि तीव्र बन्दै गएको छ। बेरुतमा इजरायली हवाई आक्रमणका कारण आवासीय भवनहरू क्षतिग्रस्त भएका छन्। स्थानीय बासिन्दाहरूले डरले रातभर खुला ठाउँमा बस्न बाध्य भएको बताएका छन्। एक स्थानीय बेकरी सञ्चालकले आक्रमणको क्षण सम्झँदै भने- 'पहिलो विस्फोट हुँदा म कोठाबाट कोठामा दौडेर परिवारलाई बाहिर निकाल्दै पर्खाल पछाडि लुकाएँ, त्यसपछि दोस्रो आक्रमण भयो।

इजरायली सेनाले लेबनानभरि हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधारलाई लक्षित गरी व्यापक कारबाही जारी राखेको जनाएको छ। साथै इरानबाट इजरायलतर्फ नयाँ क्षेप्यास्त्र प्रहार भएको पनि पत्ता लागेको बताइएको छ। इरानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च ८ सम्म युद्धमा एक हजार दुई सयभन्दा बढी मानिस मारिएका छन्। इजरायलमा १४ जनाको मृत्यु भएको छ भने खाडी क्षेत्रमा भएका आक्रमणमा ११ नागरिक र सात अमेरिकी सैनिकसहित २४ जनाको ज्यान गएको स्थानीय अधिकारीहरूले बताएका छन्। न्युयोर्क टाइम्सका अनुसार यो युद्धले अमेरिकालाई मात्रै हालसम्म ११ अर्ब ३० करोड डलरभन्दा बढी खर्च गराइसकेको छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - आज राम्रो कामको शुरुवात हुनेछ, साथीभाइसँग रमाइलो भेटघाटले मन प्रशन्न हुनेछ, खर्च बढ्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - समय फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले आज मन प्रशन्न रहनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - समय सामान्य रहेको छ, काम सफलता नहुँदा मन खिन्न रहला, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - व्यवहारमा सफलता मिल्नेछ भने आफ्नाबाट टाढिनुपर्ने स्थिति हुनसक्छ, धैर्य गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - स्वास्थ्य प्रतिकुल बनेर जानेछ, दिन मध्यम रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - समय सामान्य छ, खानपानमा ध्यान दिनुहोला । विचार पुर्‍याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - आज उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - तपाईले आजको दिन बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको श्रोत बढ्नेछ, मायाँ प्रेमको डोरो कसीलो भएर जाने योग रहेको छ ।

**मिति २०८२/११/२८ बिहीबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३,१७,०००/-

चाँदी प्रति तोला रु. ५५१५/-



हाँस पोखरी | मुन्दुम पदमार्ग अन्तर्गत भोजपुरको टेम्केमैयुङ गाउपालिका–१ तिम्मा क्षेत्रमा रहेको हाँस पोखरी। *तस्वीर : रासस*

# मल अभाव हुन नदिन पुनः आयात गरिँदै

**झापा, फागुन २८।** कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले चालू आवमा करिब २५ हजार मेट्रिकटन मल आयात गर्ने भएको छ।

चालू आर्थिक वर्षमा चार लाख ६६ हजार मेट्रिकटन मल साल्टट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनी मार्फत आयात गरेको मन्त्रालयले मलको अभावलाई कम गर्ने उद्देश्यले २५ हजार मेट्रिकटन मल आयातका लागि पुनः बोलपत्र आह्वान गरेको हो। गत वर्षको तुलनामा अन्तरराष्ट्रिय बजारमा मलको मूल्यमा भएको वृद्धिले यस वर्ष ५९ हजार मेट्रिकटन मल आयातमा कमी हुने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए।

सरकारले मलका लागि अनुदान स्वरूप विनियोजन गरेको रु.२८ अर्ब ८२ करोडको बजेटबाट चालू आवमा चार लाख ९१ हजार मेट्रिकटन मल आयातमा हुने मन्त्रालयले जनाएको छ। बोलपत्र आह्वान गरिएको मल मध्ये केही परिमाण आएको तथा केही परिमाण आयातको प्रक्रिया पूरा गरी आउने क्रममा बाटोमा छ।

मन्त्रालयले चालू आवमा पाँच लाख ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने लक्ष्य राखेकामा बजेट अपुग भएपछि वैकल्पिक स्रोत खोजी गरेको थियो। वैकल्पिक स्रोतबाट पनि रकम जुटाउन सकिएको थिएन। केही स्थानमा मात्र चैते धानखेती हुने भएकाले सो मल आयात भएपछि किसानलाई उपलब्ध गराउन समस्या नहुने उनले जानकारी दिए।

पछिल्लो समय आह्वान गरिएको बोलपत्रअनुसार मल आयात भएपछि चालु आवमा चार लाख ९१ हजार मल वितरण किसानलाई गर्न सकिन्छ। देशभर बजारमा हाल मलको अभाव नरहेकाले किसानलाई खेती तथा बाली लगाउन समस्या नहुने मन्त्रालयले जनाएको छ। कृषि सामग्री कम्पनीले रासायनिक मलको करिब ७० प्रतिशत हिस्सा र साल्टट्रेडिङ लिमिटेडले ३० प्रतिशत हिस्सा आपूर्ति तथा बिक्री गर्दै आएको छ।

स्वदेशमा रासायनिक मल उत्पादन नहुँदा अन्तरराष्ट्रिय ग्लोबल टेन्डरका माध्यमबाट अन्तर्राष्ट्रिय बजारबाट खरिद गर्ने गरिएको छ। मल कलकत्ता, हल्दिया लगायत स्थानबाट ल्याइने तथा देशका विभिन्न गोदामस्थल विराटनगर, वीरगञ्ज, भैरहवामा मौज्दात गरी देशभर मागको अनुपातमा आपूर्ति तथा बिक्री गरिन्छ।

अन्तर्राष्ट्रिय बजारबाट विद्युतीय खरिद प्रणाली (इविडिङ) मार्फत आपूर्ति गर्दा प्रक्रिया लामो भएर समयमा मल उपलब्ध गराउन समस्या हुने गरेको छ। वि.सं. २०७८ को कृषि गणना अनुसार कृषक परिवार मध्ये ७६ प्रतिशत कृषक परिवारले धानबालीमा रासयनिक मल प्रयोग गरेको जनाइएको छ।

# मुन्दुम पदमार्ग : प्रकृति र संस्कृतिको सङ्गमस्थल



**भोजपुर, फागुन २८।** टेम्केमैयुङ गाउँपालिकाले प्रकृति र संस्कृतिलाई आधार बनाएर मुन्दुम पदमार्गको समग्र विकासमा जोड दिएको छ।

प्राकृतिक सुन्दरता, जैविक विविधता र किराँत समुदायको मौलिक परम्परालाई एकैसाथ प्रवर्द्धन गर्दै पदमार्गलाई विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा अघि बढाइएको हो।

गाउँपालिका अध्यक्ष सरोज बस्नेतका अनुसार संस्कृति र प्रकृतिको संरक्षण गर्दै पदमार्गको विकास भइरहेको छ। वन क्षेत्रमा जैविक विविधता जोगाउँदै पर्यावरणमैत्री पर्यटन विकास गर्ने नीति अवलम्बन गरिएको उनले बताए।

पदमार्ग क्षेत्रमा किराँत राई समुदायको संस्कार, संस्कृति र 'मुन्दुम' परम्परासँग सम्बन्धित संरचना, सांस्कृतिक प्रतीक र धार्मिक स्थलहरू अवलोकन गर्न सकिन्छ। ठूला घाँसे मैदान, चौँरी र भेडीगोठ, स्थानीय बस्तीको जीवनशैली तथा मौलिक परिकारले पर्यटकलाई थप आकर्षित गर्ने गरेका छन्।

उक्त ठाउँबाट सगरमाथा, मकालु, कञ्चनजङ्घा लगायत हिमशृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिने भएकाले पनि आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा यो पदमार्ग पर्न थालेको छ। पछिल्लो समय पदमार्ग आसपास विश्राम स्थल, धारा, सूचना बोर्ड तथा पर्यटन सूचना केन्द्र जस्ता पूर्वाधार निर्माण गरिएका छन्।

गाउँपालिकाले स्थानीय समुदायलाई पर्यटनसँग जोडेर आयआर्जन वृद्धि गर्ने लक्ष्यसमेत लिएको छ। घरबास सञ्चालन, स्थानीय उत्पादनको बजारीकरण र सांस्कृतिक कार्यक्रम मार्फत पर्यटकलाई मौलिक अनुभव प्रदान गर्ने प्रयास भइरहेको जनाइएको छ।

प्रकृति संरक्षण, सांस्कृतिक पहिचानको प्रवर्द्धन र दिगो पर्यटन विकासलाई सँगसँगै अघि बढाउँदै मुन्दुम पदमार्ग पूर्वी नेपालको आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ।

# बदलाको कथामा 'मुक्तिपुर' बन्ने, मुख्य भूमिकामा नाजिर




अपराध र बदलाको कथामा फिल्म 'मुक्तिपुर' निर्माण हुने भएको छ।

काठमाडौंको बसुन्धारास्थित इन्द्रायणी मन्दिरमा मुहूर्त पूजा गर्दै फिल्मको औपचारिक रूपमा निर्माण घोषणा गरियो। मुहूर्तसँगै फिल्मको छायांकन पनि शुरु भएको छ। काठमाडौं आसपासका क्षेत्रमा ४० दिन फिल्मको छायांकन हुने जनाइएको छ।

साहिबा फिल्मस् प्रोडक्सनको ब्यानरमा निर्माण हुने यस फिल्मलाई सुनिल पाण्डेले निर्देशन गर्नेछन्। यो उनको डेब्यु निर्देशन हो। यसको कथा उनी स्वयम्ले तयार पारेका हुन्। उनले 'मुक्तिपुर'ले एक आमपरिवारको प्रतिनिधित्व गर्ने पात्रको जीवनमा आउने अकल्पनीय मोड र त्यसपछिको बदलाको कथा बोल्ने बताए।

फिल्ममा नाजिर हुसेन, गौरव पहारी, प्रकाश शाह, एवनराज उप्रेती र आकृति बुढाथोकी प्रमुख भूमिकामा देखिने छन्। आकृतिले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गर्न लागेकी हुन्। घनश्याम जोशी, सरस्वती अधिकारी, अनिल कुर्मी, स्वायम केसी, हरोन अली, उदय अली, सारा शर्मा, अनामिका लामिछाने लगायतका कलाकारहरूको पनि फिल्ममा अभिनय रहने छ।

शरद महतोको छायांकन तथा सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहने यस फिल्ममा विजय राजवंशी र रोशन पासवान निर्मातामा छन्। 'एभरेष्ट फिल्म एकेडेमी'ले पनि निर्माणमा सहकार्य गरेको छ। फिल्मका कार्यकारी निर्माता विशाल श्रेष्ठ तथा सह-निर्माता केशव गौतम हुन्। निर्माण टिमले छायांकन सकिएको छ महिनाभित्र फिल्म प्रदर्शन गर्ने लक्ष्य राखेको छ।

# ठगी गरेको आरोपमा पक्राउ

**खोटाङ, फागुन २८।** गोरखा जिल्लाको गोरखा नगरपालिका-७ का सुजन उपरकोटीले कोरिया पठाउने बहनामा खोटाङकी अनुषा तामाङलाई रु. एक लाख ठगी गरेको आरोप लागेको छ।

धार्मिक सेमिनारका लागि भिजिट भिसा (भ्रमण प्रवेशाज्ञा)मा कोरिया पठाउने बहनामा सुजनले केपिलासगढी गाउँपालिका-४ बाक्सिला पुर्ख्यौली थलो भई हाल धरान उपमहानगरपालिका-१५ बस्दै आएकी तामाङलाई ठगी गरेको आरोप लागेको हो।

तामाङले कोरिया पठाइ दिने भन्दै गत साउनमा बैंकिङ कारोबार मार्फत रु. एक लाख दिएको बताए। हाल काठमाडौं मनमैजु बस्दै आएका सुजनले भिजिट भिषामा महिना दिनभित्र कोरिया पठाउने भन्दै पैसा मागेको तर कोरिया नपठाएको तथा पैसा पनि फिर्ता नदिएको तामाङको आरोप छ।

पैसा फिर्ता माग्दा 'दिन्छु-दिन्छु' भन्दै झुलाउने गरेको अनुषाका बुवा पहलमान तामाङले बताए। पैसा फिर्ता नदिएमा कानूनी उपचार खोज्ने पीडित तामाङ परिवारले जनाएको छ।

# गाँजा बरामद

**सुनसरी, फागुन २८।** सुनसरीको हरिनगर गाउँपालिका-३ बाट दुई सय किलो गाँजा बरामद भएको छ।

गौतमपुरबाट हरिनगरतर्फ जाँदै गरेको प्र १-०२-००४ ह ५६३९ नम्बर सिटी सफारीमा प्लाटिकका आठ वटा बोरामा राखिएको गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालयका उपरीक्षक केशवकुमार थेबेले जानकारी दिए।

# भोजपुर प्रतिभा पुरस्कार हार्तम्छालीलाई

**भोजपुर, फागुन २८।** प्रत्येक वर्ष प्रदान गरिँदै आएको भोजपुर प्रतिभा पुरस्कार यस पटक नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली 'कलाङ'लाई प्रदान गरिने भएको छ।

वि.सं. २०५१ मा साहित्यिक संस्था त्रिवेणी साहित्य प्रतिष्ठानले स्थापना गरेको भोजपुर प्रतिभा पुरस्कार-२०८२ बाट उत्तर षडानन्द नगरपालिका-११ भ्याउँपोखरी घर भई हाल प्रतिष्ठानको कुलपति रहेका हार्तम्छालीलाई प्रदान गर्ने निर्णय गरिएको प्रतिष्ठानका अध्यक्ष सुवास विभास श्रेष्ठले जानकारी दिए।

वि.सं. २०३५ देखि अनवरतरुपमा साहित्य, कला र सङ्गीत कार्यमा क्रियाशील व्यक्तित्व, कवि, नाटककार, चित्रकार, मूर्तिकार, गायक, सङ्गीतकार, अभिनेता र लोकसंस्कृतिका अनुसन्धाता हार्तम्छालीलाई पुरस्कृत गर्न लागिएको अध्यक्ष श्रेष्ठले बताए। उक्त पुरस्कारको राशि २२ हजार दुई सय २२ रुपैयाँ रहेको छ। हार्तम्छालीका कविता र गीतिसङ्ग्रह 'वैशाखे चिउला', 'कलाङ' र 'साम्बुङ' प्रकाशित छन्।

त्यस्तै उनका नाट्यकृति 'ज्याला' र 'सिर्जनाको सानो संसार यो नाटक होइन' तथा 'भोजपुरे कथाहरू' 'पाइला' र 'सङ्गम' पत्रिका प्रकाशित छन्। हार्तम्छालीले नेपाली चलचित्र 'बलिदान' मा अभिनय समेत गरेका छन्।

# दुर्घटनामा मृत्यु

**सुनसरी, फागुन २८।** सुनसरीको कोसी गाउँपालिका-४ मा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सप्तरी विष्णुपुर गाउँपालिका-२ का २८ वर्षीय अमरलाल साह रहेको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए। पूर्व-पश्चिम राजमार्ग अन्तर्गत इनरुवाबाट कोसी ब्यारेजतर्फ जाँदै गरेको स १ च ९२१ नम्बरको स्कोर्पियोले विपरीत दिशाबाट आउँदै गरेको मधेस प्र.०६-००१ प ०९५२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालक साह र पछाडि सवार २६ वर्षीया पुष्पा साह गम्भीर घाइते भएका थिए।

गम्भीर घाइते भएका अमरलालको उपचारका क्रममा मृत्यु भएको प्रनाउ खड्काले जानकारी दिए। गम्भीर घाइते भएका पुष्पालाई थप उपचारका लागि गोल्डेन अस्पताल विराटनगर पठाइएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।


शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
**कालिका डेरी,** कृषिथोक पूर्वगेट बिर्तामोड, फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
**सेवामा २४सैं घण्टा उपलब्ध छौं।**
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System — Trusted by more than 1.1 Million+ Patients
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org — सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर** MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771, (+977) 023-590008
THAKUR POLYCLINIC, Birtamode-1, Jhapa, Nepal, Opposite of Paschim Bus Stand

UNited International Group
**UAE मा रोजगारीको अवसर**
**७ दिनमा भिषा आउने**
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
**ASIA LINK SERVICES (P) LTD.**
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421, 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com, phagdhakgroup@gmail.com

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

विशेषज्ञ डाक्टरहरूको सेवा अब
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३–५३२८४५)

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**Ganapati Bakers** — Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : **झापा फल्स सिलिङ हाउस** ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
**स्पार्क पूर्वाञ्चल अस्पताल,**
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८